

# अध्याय -७

## चेलाहरूलाई शिक्षादीक्षाः भाग १

*<u>यस अध्यायमा मुख्य पदहरू:</u>* मर्कूस ८:२२-२८; मत्ती २०:२९-३४; यूहन्ना १२:२५; मर्कूस ९:१-५०; मलाकी ४:५,६ र लूका ९:३०,३१।

*<u>यस अध्यायको मुख्य सार पद:</u>* "तब उहाँले आफ्ना चेलाहरूका साथमा भीड़लाई आफूकहाँ बोलाएर तिनीहरूलाई भन्नुभयो, "कोही मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार गरोस्, र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्।" मर्कूस ८:३४।

मर्कूसको पुस्तकको पहिलो आधा भागमा येशू को हुनुहुन्छ भन्नेमा हामीले ध्यान दियौं। येशूको प्रभावकारी शिक्षा र उहाँले गर्नुभएका अलौकिक वा आश्चर्य कामहरूले पनि उहाँ को हुनुहुन्छ भनेर उजागर गर्दछः उहाँ उद्धारकर्ता मसीह हुनुहुन्छ। आफू को हो भनेर चेलाहरूसँग सोधेर येशूले तिनीहरूको दिमागलाई निर्णायक निर्णयमा रहिरहन उहाँले तिनीहरूलाई सिकाउनुहुन्छ।

त्यसको जवाफ पत्रुसले बुलन्द आवाज निकाल्दछन्, अनि मसीह हुनुभएको हैशियतले आफू कतातिर लम्किरहेको छ भनेर चेलाहरूलाई आभास दिन खोज्नुहुन्छ। उहाँ मसीह उद्धारकर्ता त हुनुहुन्छ तर उहाँको लक्ष इस्राएलको सिंहासनमा पुग्न होइन तर क्रूसमा।

**मर्कूस ८ को अन्तिम भागदेखि मर्कूस १०को अन्तिम भागसम्म येशूले** आफ्नो यात्राको बारेमा आफ्नो ध्यान दिनुहुन्छ। ती अध्यायहरूमा येशूले आफू क्रूसमा जानुपर्ने भविष्यवाणी गर्नुहुन्छ। त्यसपछि उहाँले चेलाहरूलाई चेलापन हुनु भनेको के हो वा उहाँको पछि लाग्नु भनेको के हो भनेर विशेष शिक्षा दिनुहुन्छ। येशूले चेलाहरूलाई सिकाउनुभएको अत्यन्तै प्रभावकारी पाठहरू वर्तमान उहाँका उपासकहरूलाई पनि लागुहुन्छ वा लागु हुनुपर्ने हो।

***मर्कूसको सुसमाचारको यस भागमा येशूले दुई भिन्नाभिन्नै अन्धाहरूलाई निको पार्नुभएको घट्नाहरू प्रस्तुत गरिएको छ। पहिलो मर्कूस ८को बिचमा र अर्को मर्कूस १०को अन्त्यमा। ती अलौकिक कामहरूमा येशूले नाटकिय ढङ्गले चेलापन वा उहाँको अनुयायी हुनु भनेको के हो भनेर आत्मिक अन्तरदृष्टि वा आत्मज्ञान दिनुहुन्छ। त्यस ज्ञानमा उहाँ को हुनुहुन्छ र उहाँ कतातिर गइरहनुभएको छ सो बताउनुहुन्छ। २००० वर्ष अघि उहाँका बाह्र चेलाहरूलाई दिनुभएको शिक्षादीक्षा तिनीहरूको निम्ति चुनौतीपूर्ण थिए भने उहाँका आजका चेला वा उपासकहरूको निम्ति पनि चुनौतीपूर्ण भइरहेको पाइन्छ। येशूको पछि लाग्दा के मोल चुकाउनुपर्छ र त्यसबाट फाइदा के हुन्छ भन्ने गहिरो विषय सबैको सामु प्रस्तुत गरिएको छ।***

## १. स्पष्ट वा सफासँग हेर्न सक्नु

मर्कूस ८:२२-३० पढ्नुहोस्। अन्धो मानिसलाई निको पार्न येशूले किन दुई पटक छुनुभएको थियो, र त्यसबाट हामीले के पाठ सिक्न सक्छौं? हेर्नुहोस्, "२२ त्यसपछि उहाँ बेथसेदा आउनुभयो, र मानिसहरूले एउटा अन्धो मानिसलाई उहाँकहाँ ल्याए, र त्यसलाई छोइदिनुहोस् भनी उहाँसँग बिन्ती गरे। २३ उहाँले त्यस अन्धो मानिसको हात समातेर त्यसलाई गाउँबाट बाहिर ल्याउनुभयो, र त्यसका आँखामा थुकेर त्यसमाथि आफ्ना हात राखी त्यसलाई सोध्नुभयो, "के तिमी केही देख्छौ?" २४ अनि माथितिर हेरेर त्यसले भन्यो, "म मानिसहरूलाई रूखहरूजस्तै हिँडिरहेका देख्छु।" २५ तब उहाँले फेरि त्यसका आँखामा हात राख्नुभयो, र त्यसले एक टक लाएर हेर्यो। त्यसले आफ्नो दृष्टि प्राप्त गर्‍यो र सबै थोक छर्लङ्ग देख्न लाग्यो। २६ तब उहाँले त्यसलाई गाउँतिर नपस्ने हुकुम गरी त्यसको घरमा पठाउनुभयो। २७ येशू र उहाँका चेलाहरू कैसरिया फिलिप्पीका गाउँहरूमा जानुभयो। बाटोमा जाँदैगर्दा उहाँले आफ्ना चेलाहरूलाई यसो भनेर सोध्नुभयो, "मानिसहरूले के भन्छन्, म को हुँ?" २८ तिनीहरूले

**उहाँलाई भने, "कसैले भन्छन्, 'बप्तिस्मा-दिने यूहन्ना।' अरूहरूले 'एलिया,' अनि अरू कतिले भन्छन्, 'अगमवक्ताहरूमध्ये एक जना'।" २९ तब उहाँले तिनीहरूलाई सोध्नुभयो, "तर तिमीहरूचाहिँ के भन्छौ, म को हुँ?" पत्रुसले उत्तर दिएर उहाँलाई भने, "तपाईं ख्रीष्ट हुनुहुन्छ।" ३० उहाँले तिनीहरूलाई उहाँको विषयमा कसैलाई केही नभन्नू भनी आज्ञा दिनुभयो!"**

येशूले धेरै अन्धाहरूलाई निको पार्नुभएको विवरण सुसमाचारका पुस्तकहरूमा उल्लेख गरिएको छ। मर्कूस ८को कथा बाहेक मर्कूस १०:४६-५२मा अन्धो बर्तिमासलाई निको पार्नुभएको कथा लेखिएको छ। मत्ती २०:२९-३४मा दुई अन्धाहरूको बारेमा चर्चा गरिएको छ भने यूहन्ना ९ मा जन्मेदेखिको अन्धालाई येशूले निको पारि सिलोआमको कुण्डमा धुन पठाउनुहुन्छ।

तर मर्कूस ८ को कथा विशेष छ। यो कथा केवल मर्कूसको पुस्तकमा मात्रै उल्लेख गरिएको छ। त्यस व्यक्तिलाई राम्रोसँग निको पार्न र स्वस्थ बनाउन येशूले दुई चरण प्रयोग गर्नुभएको थियो। यस कथा विस्तृत रूपमा लेखिएको छ। येशूले त्यस मानिसलाई हात समातेर गाउँबाट परमेश्वर लानुहुन्छ। त्यस मानिसको अपाङ्गपना प्रति येशू सहानुभूति देखाउनुभएको थियो भनेर हामीले आभास पाउँछौं।

तर येशूले त्यस अन्धालाई निको पार्न किन छुनु भएको थियो? येशूले गर्नुभएको अलौकिक काममा केवल यो मात्र दुई कामहरू गरेर निको पार्नुभएको थियो। येशूको शक्तिमा कमी भएकोले त्यो कदम उहाँले चाल्नुभएको थिएन। तर यो अर्तिकथाको रूपमा प्रस्तुत गरेको हुनुपर्दछ। आत्मिक दिब्यज्ञानको भेद खोल्न कहिलेकाहीँ समय लाग्छ भनेर यसले देखाएको हुनुपर्दछ। येशूको आउनेवाला मृत्यु र पुनरुत्थानको धक्कालाई चेलाहरूको साम्य पार्न समय लाग्न सक्छ भनेर येशूले निको पार्नभएको अन्धाद्वारा तिनीहरूलाई पाठ सिकाउनुभएको थियो। अन्धोका आँखा खोल्न समय लागेकोबाट चेलाहरूले अन्तर्दृष्टि पाउन समय लाग्छ भन्ने प्रतिकको रूपमा प्रस्तुत भएको थियो।

शिक्षकहरूले विद्यार्थीहरूले प्रश्न गरेको मन पराउँछन्। प्रश्न नै प्रायजसो विद्यार्थीको समझलाई बुझाउन साँचो हुन सक्छ। यो कथा मर्कूसको पुस्तकको परिवर्तन बिन्दु आएको देखाउँदछ। तीन विषेशताहरूले यस भनाइलाई पुष्टि गर्दछ। पहिलो त येशू आफैंले आफ्नो पहिचानको बारेमा

चेलाहरूलाई सोध्नुहुन्छ। यो प्रश्न पहिला गर्नुभएको थिएन। दोस्रो, पत्रुस दुष्ट आत्माले सताएको थिएन जब उनले येशू मसीह हुनुहुन्छ भनेर खुला रूपमा घोषणा गर्दछन्। तेस्रो, येशूको बारेमा यो ज्ञान प्रकट गरिएको लगत्तै उहाँ कहाँ गइरहुनभएको छ अर्थात् क्रूसमा भनेर उहाँले व्याख्या गर्न सुरु गर्नुहुन्छ।

येशू मसीह हुनुहुन्छ भनेर कसैलाई नभन्नु भनेर उहाँले चेलाहरूलाई किन निर्देशन दिनुहुन्छ? यदि तिनीहरूले येशू नै मसीह हुन् भनेर मानिसहरूको बिचमा कराउन थाले यो परमेश्वरको राज्य स्थापना गर्ने नीतिको बिपरित हुन्थ्यो। येशूको समयमा "मसीह"को अर्थ इस्रायलमा शासन गर्ने रोमी साम्राज्यलाई उल्टाउने राजनैतिक दाउपेचलाई मानिन्थ्यो। येशू राजनैतिक मुक्तिसेना हुनुभएर आउनुभएको थिएन। उहाँ लोकले मानेको मसीहको अवधारणा अनुसार आउनुभएको थिएन। त्यसकारण, उहाँले आफ्नो पहिचानको बारेमा मौन हुन चेलाहरूलाई आदेश दिनुभएको थियो।

***कतिपय समयमा सत्य नै किन नहोस् मौन रहनु आवश्यक छ भनेर यस कथाले हामीलाई कसरी बुझाउँछ?***

## २. चेलापन वा येशूको भक्त हुन तिर्नुपर्ने मोल

**येशूको पछि लाग्न वा येशूभक्त हुन के मोल चुकाउनुपर्छ भनेर येशूले मर्कूस ८:३१-३८मा सिकाएको प्रत्येक येशूभक्त भनेर दावी गर्नेले आत्मसात गर्नु जरुरी छ। हेर्नुहोस्, " ३१ "मानिसको पुत्रले धेरै दुःख भोग्नु, र धर्म-गुरुहरू, मुख्य पूजाहारीहरू र शास्त्रीहरूबाट इन्कार गरिनु र मारिनु अनि तीन दिनपछि जीवित भई उठ्नु आवश्यक छ" भनेर उहाँले तिनीहरूलाई सिकाउन लाग्नुभयो। ३२ यसरी उहाँले यो कुरा प्रष्टै भन्नुभयो। तर यो सुनेर पत्रुसले उहाँलाई एकातिर लगेर हकार्न लागे। ३३ तर फर्केर आफ्ना चेलाहरूलाई हेरी, पत्रुसलाई उहाँले यसो भनेर हप्काउनुभयो, "ए शैतान, मबाट हटिजा, किनकि तेरो मन परमेश्वरपट्टि छैन, तर मानिसपट्टि छ।" ३४ तब उहाँले आफ्ना चेलाहरूका साथमा भीड़लाई आफूकहाँ बोलाएर तिनीहरूलाई भन्नुभयो, "कोही मानिस मपछि लाग्ने इच्छा गर्दछ भने त्यसले आफूलाई इन्कार गरोस्, र आफ्नो क्रूस उठाएर मेरो पछि लागोस्। ३५ किनकि जसले आफ्नो प्राण बचाउने इच्छा गर्दछ, त्यसले त्यो गुमाउनेछ, तर मेरो र सुसमाचारको निम्ति आफ्नो प्राण गुमाउनेले त्यो बचाउनेछ। ३६ किनभने मानिसले सारा जगत् हात पारेर आफ्नो प्राण गुमायो भने त्यसलाई के फाइदा हुन्छ? ३७ अथवा मानिसले आफ्नो प्राणको**

**सट्टामा के दिन सक्छ? ३८ अनि यस व्यभिचारी र पापी पुस्तामा जो मदेखि र मेरो वचनदेखि शर्माउँछ, मानिसको पुत्र पनि आफ्ना पिताको महिमामा पवित्र दूतहरूसँग आउँदा त्यसदेखि शर्माउनेछ।"**

येशूसँगको सम्बन्धमा चेलाहरू निर्णायक घडीमा आइपुगेको थियो। उहाँ मसीह हुनुहुन्छ भनेर तिनीहरूले थाहा पाइसकेका थिए। मर्कूसको पुस्तकको पाठकले यो तथ्य मर्कूसको पुस्तकको सुरुदेखि नै थाहा पाइसकेको थियो (मर्कूस १:१)। गन गन गर्ने चेलाहरूलाई भन्दा येशूको बारेमा पाठकले थाहा पाउनुको अर्थ चेलाहरूले भन्दा पाठकले पहिला थाहा पाएको देखिएको थियो।

जब येशूले चेलाहरूलाई बोलाउनुभएको थियो उहाँले तिनीहरूलाई मानिसहरूका मछुवा वा माझी बनाउँछु भन्नुभएको थियो (मर्कूस १:१७)। त्यसबेला तिनीहरूलाई आउने समस्याको बारेमा चर्चा गरिएको थिएन। अब उहाँ को हुनुहुन्छ भनेर तिनीहरूलाई थाहा पाएकोले उहाँको लक्ष्य तिनीहरूको सामु उघार्नुहुन्छ। धेरै दुःखकष्ट उहाँले भोग्नु आवश्यक छ, मानिसहरूले उहाँलाई बहिष्कार गर्नेछन् र मारिनेछन्। अनि उहाँ तीनदिनपछि बौरीउठ्नुहुनेछ भनेर उहाँले तिनीहरूलाई स्पष्ट पार्नुभएको थियो।

यो खबरले तिनीहरूलाई ठुलो धक्का भएको थियो। येशू मसीह हुनुहुन्छ भनेर स्वीकारेका पत्रुसले येशूलाई एकातिर बोलाएर यस्तो कुरा गर्नुभएकोले उहाँप्रति आपत्ति जनाएका थिए। येशूले दुःख पाउने कुरो सुसमाचारका पुस्तकहरूले घुमाउरो पाराले प्रस्तुत गरेका थिए। जब येशूले आफ्नो लक्षको बारेमा चेलाहरूलाई सिधै भन्नुभयो तब तिनीहरू स्तब्द भएका थिए। येशूलाई पत्रुसले हप्काएकोले उहाँले उनलाई सैतान भनेर सम्बोधन गर्नुहुन्छ र आफूबाट अलग हुन आदेश दिनुहुन्छ। यो सोच परमेश्वरको चाहना बिपरित थियो।

"येशूले सामना गर्ने महान् कष्टको निम्ति पत्रुसका वचनहरूले शान्ति वा सान्त्वना दिने खालका थिएनन्। पापमा हराइरहेका मानिसहरूका निम्ति परमेश्वरको लक्षसँग पत्रुसको सोच मिल्दैनथ्यो। येशूको आफ्नै उदाहरणले स्वार्थ त्याग गर्नुपर्छ भनेर चेलाहरूलाई सिकाउनुभएको थियो, तर पत्रुसका वचनहरूमा त्यो शिक्षासँग तालमेल भएको थिएन।"-द डिजाएर अभ एजेज, पृ. ४१५।

येशूका अनुयायी वा उपासकहरूमा पनि त्यही लक्ष्य लिएर अघि बढ्नुपर्छ अर्थात् आफ्नो क्रूस उठाएर उहाँको पछि लाग्नु। रोमी इतिहासमा अपराधीलाई क्रूसमा काँटी ठोकेर मार्ने चलन अत्यन्तै निर्मम, कठोर,

बेइज्जतपूर्ण र दवावपूर्ण थियो। प्रत्येक मानिस त्यस खालको मृत्युदण्डमा नपर्न खोजेको हुन्थ्यो। तर, येशू प्रति आफ्नो आस्था वा भक्ति देखाउन उहाँको अनुयायीले किन आफ्नो क्रूस बोक्नुपर्छ भनेर उहाँले बताउनुभएको थियो?

असल र खराबको बिचमा भइरहेको संग्राममा येशूको पक्ष लिएर उभिनुपर्दा त्यसको मोल के रहेछ भनेर मात्र सिकाउनुभएको थिएन तर त्यसको महान किम्मत वा मूल्य पनि सिकाउन चाहनुभएको थियो। येशूलाई पछ्याउँदा झन दुःखकष्ट भोग्नु पर्ने रे? यो येशूलाई पछ्याउँदना सबै ठिक ठिक हुन्छ भन्ने लोकधारणाको बिपरित नै थियो। यो इसाई विश्वासमा विरोधाभासपूर्ण भएको मान्नुपर्छ। तर यस संसारमा संसारको दुष्ट र पापमय गतिविधिमा नलागेर कोही आफ्नो ज्यान गुमाउँछ भने उसले अनन्त जीवन पाउने कबूल थियो। सारा संसार पाएतापनि अनन्त जीवन गुमाउनु पर्‍यो त्यो उसको निम्ति बेकारको हुन जान्छ। सुसमाचार प्रचारक वा मिसिनेरी जिम इलियटले अक्टोबर २८, सन १९४९को आफ्नो दैनिक टिपोटमा यसरी स्पष्ट र भावपूर्ण व्यक्त गरेका थिए, "आफूले पाउने थोकलाई गुमाउने मानिस मूर्ख होइन। भविष्यमा पाउने थोकको निम्ति यस संसारको क्षणिक फाइदाको निम्ति ज्यान दिनु त्यो मूर्खता हो भनेर सोच्नुपर्दछ।"

***"जसले आफ्नो ज्यानलाई प्रेम गर्छ त्यसले गुमाउनेछ। जसले यस संसारको गतिविधिको मोहमा नफसी आफ्नो ज्यानलाई घृणा गर्छ उसले अनन्त जीवन पाउनेछ।" यूहन्ना १२:२५। यी शब्दहरूको वास्तविकता के तपाईंले अनुभव गर्नुभएको छ?***

## ३. पहाड र भिड

**एक रात पत्रुस, याकूब र यूहन्नाले येशूको बारेमा के देखेका थिए? मर्कूस ९:१-१३ पढ्नुहोस्, " १ अनि उहाँले तिनीहरूलाई भन्नुभयो, “साँच्चै, म तिमीहरूलाई भन्दछु, यहाँ उभिएकाहरूमध्ये कोही-कोही छन्, जसले परमेश्‍वरको राज्य शक्तिमा आएको नदेखुञ्जेल कुनै किसिमले मृत्यु चाख्नेछैनन्। २ त्यसको छ दिनपछि येशूले पत्रुस, याकूब र यूहन्नालाई उहाँको साथ लिई एउटा उच्च पहाड़मा लैजानुभयो। त्यहाँ उहाँहरू मात्र हुनुहुन्थ्यो, अनि तिनीहरूका सामुन्ने उहाँको रूप बद्लियो। ३ अनि उहाँका वस्त्र उज्ज्वल र अति सेता भए, यस्तो कि पृथ्वीमा कसैले पनि धोएर त्यतिको सेतो पार्न सक्दैन। ४ त्यहाँ तिनीहरूकहाँ एलिया र मोशा देखा परे, र उनीहरू येशूसँग बातचित गरिरहेका थिए। ५ पत्रुसले येशूलाई भने, “गुरुज्यू, हामी यहाँ भएको असल भयो। हामी**

यहाँ तीन वटा वासस्थान बनाऔं, एउटा तपाईंको निम्ति, एउटा मोशाको निम्ति र एउटा एलियाको निम्ति।" ६ तिनीहरू ज्यादै डराएको कारणले के भन्ने हो सो तिनले जानेनन्। ७ अनि एउटा बादल आएर तिनीहरूलाई ढाक्यो, र बादलबाट एउटा आवाज निस्क्यो, "यिनी मेरा प्रिय पुत्र हुन्, तिमीहरूले उनको वचन सुन।" ८ अनि झट्टै वरिपरि हेर्दा तिनीहरूले आफ्ना साथमा येशूलाई बाहेक अरू कसैलाई देखेनन्। ९ उहाँहरू पहाड़बाट ओर्लदैगर्नुहुँदा येशूले तिनीहरूलाई "मानिसको पुत्र मृतकबाट पुनरुत्थान नहोउञ्जेल तिनीहरूले जे देखेका थिए त्यो कसैलाई नभन्नू भनी आज्ञा दिनुभयो। १० तिनीहरूले त्यो कुरा आफ्नो मनमा राखे, तर मृतकबाट पुनरुत्थान हुनु भनेको के हो भनी आपसमा बातचित गर्न लागे। ११ अनि तिनीहरूले उहाँलाई यसो भनेर सोधे, "पहिला एलिया आउनुपर्छ भनी व्यवस्थाका शास्त्रीहरू किन भन्छन्?" १२ येशूले भन्नुभयो, "निश्चय नै, एलिया पहिले आउँछन्, र सबै कुराको पुनर्स्थापना गर्छन्। तर मानिसको पुत्रले धेरै कष्ट भोगेर अरूबाट तिरस्कृत हुनेछ भनी कसरी धर्मशास्त्रमा लेखिएको छ त? १३ तर म तिमीहरूलाई भन्दछु, एलिया आइसकेका छन्, र उनको विषयमा लेखिएबमोजिम उनीसँग जे मन पर्‍यो तिनीहरूले त्यसै गरे।"

जब परमेश्वरको राज्य शक्ति र महिमाको साथ आएको देख्दैनन् तबसम्म कोही कोही चेलाहरूले मृत्यु चाख्ने छैनन् भनर मर्कूस ९:१ मा येशूले भविष्यवाणी गर्नुभएको थियो। त्यो भन्नुभएको केही दिन पछि एक रात येशूले पत्रुस, याकूब र यूहन्नालाई पहाडमा एक्लैलाई लानुभएको थियो। त्यसबेला उहाँको रूप परिवर्तन भएको थियो र स्वर्गिय राज्यको महिमा तिनीहरूकै सामने प्रत्यक्ष देखाइएको थियो।

**स्वर्गको राज्यबाट एलिया र मोशा आएर येशूसँग** बातचित गर्नुभएको थियो। येशू यरुलेमबाट प्रस्थान हुने कुरा तिनीहरूले गरिरहेका थिए भनेर लूकाले बताउँछन् (लूका ९:३०,३१)। त्यसकारण, येशूको महिमाको दृश्य उहाँको क्रूसमा हुने मृत्युसँग जोडिएको थियो (मर्कूस ९:९)। जब चेलाहरूले येशूलाई क्रूसमा टाँगिन्छ तब त्यस रूप परिवर्तन भएको दृश्यले तिनीहरूलाई आशा दिलाउँथ्यो।

जब भोलिपल्ट बिहान तिनीहरू पहाडबाट ओर्लन्दै थिए तब चेलाहरूले एलिया पहिला आउनुहुन्छ भनेको भविप्यवाणीको अर्थ के हो भनेर येशूलाई सोधेका थिए। मसीह आउनुभन्दा अघि एलिया देखा पर्नेछ भनेर धर्मशास्त्रमा गरिएको भविष्यवाणी भएकोले इस्राएलीहरूले उनको आगमनको बारेमा अपेक्षा

गरेका थिए (मलाकी ४:५,६)। एलिया आइसकेका छन् भनेर येशूले जवाफ दिनुहुन्छ। उहाँले बप्तिस्मा दिने यूहन्नाको बारेमा बताउनुभएको थियो। जसरी मानिसहरूले यूहन्नालाई मारे त्यसरी नै तिनीहरूको हातबाट येशू मर्नेछ तर तीनदिनपछि पुनरुत्थान हुनेछ भनेर उहाँले बताउनुभएको थियो।

पहाडमा महिमित दृश्य पछि त्यहाँबाट तल ओर्लिन्दा फेदमा दुःख लाग्दो खैलाबैला चलिरहेको थियो। नौ जना चेलाहरूले दुष्ट आत्मा लागेको केटासँग जम्का भेट गरेका थिए। तिनीहरूले त्यस केटाबाट दुष्ट आत्मालाई हटाउन सकेका थिएनन्। जब मानिसहरूले येशूलाई देखे तब सबै जना उहाँकहाँ दगुरेर आए। सैतानको शक्तिले त्यस केटालाई नियन्त्रण गरिरहेको थियो। त्यसको बारेमा विस्तृत विवरण लिन येशूले लामो समय बिताउनुभएको देखिन्छ। आफ्नो छोराको गतिप्रति अति चिन्तित भएर येशूमाथि चिच्याएर अनुरोध गर्छन्, "यदि तपाईंले केही गर्न सक्नुहुन्छ भने गर्नुहोस्। हामीमाथि दया देखाउनुहोस् र सहयोग गर्नुहोस्।" मर्कूस ९:२२।

येशूमाथि शङ्का व्यक्त गरेको आभास उहाँले पाउनुहुन्छ। प्रभुले दिनुभएको जवाफ यसरी भन्न सकिन्छ, "'तपाईंले सक्नुहुन्छ भन्नुको अर्थ के हो?'" मर्कूस ९:२३। अचानक बाबुमाथि बज्र परेको जस्तो हुन्छ। उनको छोराको समस्या मात्रै होइन येशू प्रतिको उनको विश्वासको पनि समस्या भएको देखिएको थियो। उनको अविश्वासले उनको छोरो निको नभएको थियो। अत्यन्तै दयनीय भएर बाबु येशूको पाऊमा परेर यो महत्त्वपूर्ण आवाज निकाल्दछन्, "म विश्वास गर्छु। मेरो अविश्वासलाई सहायता गर्नुहोस्।" मर्कूस ९:२४। येशूले त्यस केटालाई निको पार्नुहुन्छ।

***के तपाईं कुनै त्यस परिस्थितिमा पर्नुभएको छ जब तपाईंले चिच्याउनुहुन्छ, "म विश्वास गर्छु। मेरो अविश्वासलाई सहायता गर्नुहोस्?" यस अनुभवबाट तपाईंले के पाठ सिक्नुभएको छ?***

## ४. महान् को हो?

**मर्कूस ९:३०-४१ पढ्नुहोस्। येशूको मृत्यु र पुनरुत्थानको बारेमा उहाँले गर्नुभएको दोस्रो भविष्यवाणीमा के भिन्नता छ (मर्कूस ८:३१ सँग तुलना गर्नुहोस्)? चेलाहरूको बिचमा के वादविवाद चलिरहेको थियो र येशूले तिनीहरूलाई के सिकाउनुभयो? पढ्नुहोस्, " ३० अनि त्यहाँबाट निस्केर उहाँहरू गालील भएर जानुभयो। यो कुरा कसैले थाहा नपाओस् भन्ने उहाँको इच्छा**

थियो, ३१ किनकि उहाँले आफ्ना चेलाहरूलाई शिक्षा दिँदैहुनुहुन्थ्यो। उहाँले तिनीहरूलाई भन्नुभयो, "मानिसको पुत्र मानिसहरूका हातमा सुम्पिदिइनेछ, र तिनीहरूले उसलाई मार्नेछन्, र ऊ मारिएको तीन दिनपछि फेरि जीवित भई उठ्नेछ।" ३२ तर उहाँले भन्नुभएको यो कुरा तिनीहरूले बुझेनन्, र उहाँसँग सोध्न डराए। ३३ उहाँहरू कफर्नहुममा आउनुभयो, र घरमा हुँदा उहाँले तिनीहरूलाई सोध्नुभयो, "बाटोमा तिमीहरूले के बहस गरिरहेका थियौ?" ३४ तर तिनीहरू चूप रहे, किनकि बाटोमा तिनीहरूले "हामीमा सबैभन्दा महान् को हो?" भनी आपसमा बहस गरेका थिए। ३५ तब उहाँ बस्नुभयो, र बाह्रै जनालाई बोलाउनुभयो, र तिनीहरूलाई भन्नुभयो, "कोही मानिस पहिलो हुने इच्छा गर्छ भने, त्यो सबैभन्दा पछिल्लो र सबैको सेवक हुनुपर्छ।" ३६ अनि एक जना सानो बालकलाई लिएर उहाँले त्यसलाई तिनीहरूका बिचमा राख्नुभयो, र त्यसलाई काखमा लिएर उहाँले तिनीहरूलाई भन्नुभयो, ३७ "जसले यस्ता साना बालकहरूमध्ये एक जनालाई मेरो नाउँमा ग्रहण गर्छ त्यसले मलाई नै ग्रहण गर्छ, र जसले मलाई ग्रहण गर्छ त्यसले मलाई होइन, तर मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ।" ३८ यूहन्नाले उहाँलाई भने, "गुरुज्यू, एक जना मान्छेले तपाईंको नाउँमा भूतहरू निकालिरहेको हामीले देख्यौं। हामीले त्यसलाई त्यसो गर्न मनाही गऱ्यौं, किनकि त्यो हामीलाई पछ्याउने मान्छे होइन।" ३९ तर येशूले भन्नुभयो, "त्यसलाई मनाही नगर, किनकि मेरो नाउँमा शक्तिको काम गर्नेले तुरुन्तै मेरो विरुद्धमा खराब बोल्नेछैन। ४० किनकि जो हाम्रो विरुद्धमा छैन, त्यो हाम्रो पक्षमा छ। ४१ किनभने जसले तिमीहरू ख्रीष्टका हौ भनेर तिमीहरूलाई मेरो नाउँमा एक कचौरा पानी पिउन देला, साँच्चै म तिमीहरूलाई भन्दछु, त्यसले कुनै किसिमले आफ्नो इनाम गुमाउनेछैन।"

पहिलो भविष्यवाणीमा मानिसहरूले उहाँलाई बहिष्कार गर्नेछन् उहाँलाई मार्नेछन् भनेर येशूले बताउनुभएको थियो। दोस्रोमा उहाँलाई धोका दिनेछ भनेर बताउनुभएको थियो। उहाँलाई धोका दिने को हो भनेर उहाँले औंल्याउनु भएको थिएन। तर पाठकलाई थाहा छ त्यो धोकेवाज को हो भनेर। मर्कूस ३:१९मा यहूदा नै धोकेवाज भनेर उल्लेख गरेको छ। फेरि पनि प्रभुलाई मार्नेछ र तीनदिनपछि पुनरुत्थान हुनुहुनेछ भनेर औंल्याउनुभएको थियो। तर पहिलो भविष्यवाणीको भन्दा यसमा पनि चेलाहरूले चासो देखाएको पाइन्दैन। मन नपर्ने खबरको बारेमा छलफल नै गरिन्दैन।

येशू गलिल समुद्रको पूर्वपट्टी रहेको केसैरा फिलिप्पीमा हुनुहुन्थ्यो भनेर मर्कूस ८:२७मा उल्लेख गरिएको छ। उहाँ गलिल भएर जानुभएको थियो भनेर मर्कूस ९:३०मा लेखेको छ भने मर्कूस ९:३३मा उहाँ कफर्नुहुममा प्रवेश गर्नुभएको थियो भनेर उल्लेख गरिएको छ। उहाँ उत्तरदेखि दक्षिणतर्फ यात्रा गरिरहनुभएको थियो। तर उहाँ कफर्नुहुममा एक्लै जानुभएको थियो र बाह्र चेलाहरू उहाँको पछि बिस्तारै गएका थिए। घरमा पुगेपछि चेलाहरूले बाटोमा के छलफल गरेका थिए भनेर येशूले तिनीहरूलाई सोध्नुहुन्छ।त्यसबेला उहाँसँग कोही बोल्दैनन्। गल्ती गरेका केटाकेटीहरूलाई कसैले केही सोध्दा चुपचाप रहेको जस्तै तिनीहरू पनि चुपचाप हुन्छन्। परमेश्वरको राज्यमा सबभन्दा ठुलो को हो वा उहाँको राज्यमा सबभन्दा उच्च ओहोदा पाउनेछ भनेर तिनीहरूले छलफल गरिरहेका थिए। कसैले केही नभने पनि को भन्दा को ठुलो भन्ने प्रश्न सबैमा उब्जिरहेकै हुन्छ। तर परमेश्वरको राज्यमा त्यो प्रश्नको जवाफ मानिसले सोचेको भन्दा उल्टो भएको हुन्छ।

येशूले त्यस समस्यालाई दुई चरणमा जवाफ दिनुहुन्छ। पहिलो त उहाँ स्पष्ट रूपमा भन्ने हुन्छ कि कोही पहिलो वा महान् हुन चाहन्छ भने त्यो व्यक्ति सेवक हुनुहुन्छ। अनि उहाँले कामद्वारा नै उहाँको भनाइको अर्थलाई बुझाउन खोज्नुहुन्छ। एक जना बालक तिनीहरूको कुरा सुन्न तिनीहरूको अगाडि उभिरहेको थियो। येशूले त्यस बालकलाई लिएर चेलाहरूको समूहमा राख्नुहुन्छ। बालक अलमलमा परेको हुनुपर्छ। अनि त्यस बालकलाई उहाँले आफ्ना पाखुराहरूमा लिनुहुन्छ। उहाँले भन्नुहुन्छ कसैले बालकलाई माया गर्छ भने उसले येशूलाई नै माया गरेको ठहर्छ भनेर सिकाउनुहुन्छ। यदि येशूलाई ग्रहण गर्छ वा माया गर्छ भने उसले पितालाई पनि ग्रहण गरेको वा माया गरेको ठहर्छ। यसरी सानाभन्दा साना बालक पनि परमेश्वर आफैसँग जोडिन पुग्छ भनेर उहाँले सिकाउन खोज्नुभएको थियो।

आफ्नो समूहमा नरहेका मानिसहरूको बारेमा यूहन्नाले सोध्छन्। जो हाम्रो विरुद्धमा छैन त्यो हाम्रो पक्षमा छ भनेर येशूले सिकाउनुहुन्छ। सानै काम गरेर इसाई सेवा गर्छ भने त्यो मानिसलाई परमेश्वरले हेरिरहनुहुन्छ भनेर येशूले आभास दिन खोज्नुभूएको थियो।

***यस प्रतिस्पर्धा र तँछाडमछाड गर्ने वा अरूलाई दवाएर आफू सबभन्दा ठुलो हुन चाहने संसारको संस्कारको बिपरित बाइबलमा उल्लेख गरिएको महान किन फरक छ? तपाईं केको निम्ति तँछाडमछाड गरिरहनुभएको छ?***

## ५. नर्कमा स्वस्थ मानिस

**मर्कूस ९:४२-५० पढ्नुहोस्। यी पदहरूमा येशूले के सिकाउन खोज्नु भएको थियो? यहाँ उल्लेख गरिएका विषयवस्तुहरू एक आपसँग कसरी गाँसिएको छ? हेर्नुहोस्, " ४२ "जसले ममाथि विश्वास गर्ने यी सानाहरूमध्ये एक जनालाई बाधा देला, त्यसको निम्ति त बरु एउटा ठूलो जाँतोको ढुङ्गा त्यसको घिच्रोमा झुण्ड्याएर त्यसलाई समुद्रमा फालिदिनु असल हुनेथियो। ४३ यदि तिम्रो हातले तिमीलाई बाधा दिन्छ भने त्यसलाई काटिदेऊ। दुई हात भएर नरकको ननिभ्ने आगोमा जानुभन्दा डुँड़ो भएर जीवनमा पस्नु तिम्रो निम्ति असल हो। [४४ नरकमा त न कीराहरू मर्दछन्, न आगो नै निभ्दछ।] ४५ अनि तिम्रो खुट्टाले तिमीलाई बाधा दिन्छ भने त्यसलाई काटिदेऊ। दुई खुट्टा भएर नरकमा फालिनुभन्दा त खोरन्डो भएर जीवनमा पस्नु तिम्रो निम्ति असल हो। [४६ नरकमा न कीराहरू मर्दछन्, न आगो नै निभ्दछ।] ४७ यदि तिम्रो आँखाले तिमीलाई बाधा दिन्छ भने त्यसलाई झिकेर फालिदेऊ। दुई आँखा भएर नरकमा फालिनुभन्दा त एक आँखा भएर परमेश्वरको राज्यमा पस्नु तिम्रो निम्ति असल हो। ४८ नरकमा त न कीरा मर्दछन्, न आगो नै निभ्दछ। ४९ किनकि प्रत्येकलाई आगोले नै नुनिलो पार्छ। ५० "नून असल हो, तर नूनको स्वाद गयो भने त्यो केले स्वादिलो तुल्याउने? तिमीहरू आफू-आफूमा नून राख, र आपसमा शान्तिमा रहो।"**

झट्ट हेर्दा येशूले हताशनिराश भएर सिकाउनुभएका शिक्षाको सङ्कलन हो जुन अर्थनवर्थको देखिन्छ। तर प्रत्येक वाक्य पहिलेको वाक्यसँग सम्बन्ध रहेको पाइन्छ। यो अंश मुख्य तीन विषयवस्तुहरूको वरिपरि छ। "पाप गर्ने के कारणहरू छन्," "आगो" र "नुन।"

पहिलो पाठमा सानाहरूको बारेमा सम्बोधन गरिएको पाउँछ। यो केवल सानो उमेरका बालबालिकाहरूको बारेमा मात्र नभएर विश्वासमा भर्खर आएकाहरूको बारेमा पनि सम्बोधन गरिएको पाइन्छ। येशूलाई विश्वास गर्ने नयाँ विश्वासीहरूको रेखदेख गर्ने शिक्षक र अगुवाहरूको उत्तरदायित्व हो। परमेश्वरको राज्यमा प्रवेश गर्ने ती नयाँ विश्वासीहरूलाई विशेष ध्यान दिनुपर्छ। पुरानो करारमा कमजोर, विधुवा, टुहुरा र विदेशीहरूलाई जसरी ध्यान दिनुपर्छ त्यसरी नै नयाँ विश्वासीहरूतिर ध्यान दिनुपर्दछ। यहाँ येशूले अतिरञ्जित तरिका वा बढाएर भन्न खोज्नु भएको पाइन्छ। सानाभन्दा सानालाई पापमा फसाउनेलाई समुद्रमा खसालेर डुवाउनु उचित हुन्छ भनेर उहाँले भन्नु हुन्छ।

"पापमा फसाउने" व्याक्यांश यस अंशको लामो शिक्षा हो। यसमा पाठकलाई दुई पहेली वा अस्पष्ट बिचारसँग सामना गर्नुपरेको देखाउँछ। पहिले त के हात काट्नु पर्छ वा आँखा निकाल्नु पर्छ भनेर येशूले सिकाइरहनुभएको हो कि भनेर पाठकले ठानेको हुन्छ। दोस्रोमा, नरकमा अनन्तको आगो हुन्छ भनेर येशूले सिकाइरहनुभएको हो भनेर पनि पाठकले ठानेको हुन्छ। पहिलो प्रश्नको जवाफमा येशूले मानिसहरूको हात काट्नुपर्छ वा शरीरलाई अपाङ्ग बनाउनु पर्छ भन्न खोज्नुभएको होइन। यो यहूदी धर्मको बिपरित छ (व्यवस्था १४:१, १ राजा १८:२७)। येशूले आफ्नो भनाइलाई स्पष्ट पार्न यो पहेली वा हतपत बुझ्न नसक्ने बोली बोल्नुभएको थियो। यदि हात, पाऊ र आँखालाई गुमाउनु भयानक छ भने इसाई भनेर दावी गर्नेले पाप गर्नु कतिको विपत्ती छ भनेर येशूले सिकाउन खोज्नुभएको थियो।

दोस्रो प्रश्नको जवाफ पनि नकारात्मक नै हुन्छ। येशूले अरू धर्ममा सिकाएको अनुसार कहिल्यै ननिभ्ने आगोको बारेमा चर्चा गरिरहनुभएको होइन। यो हामीले कसरी बुझ्न सक्छौं? यस अंशमा केही हँसिलो पक्ष समावेश भएको छ। स्वर्गमा कोही मानिस केवल एउटा हात, एउटा आँखा र एउटा खुट्टा लिएर गएको सोच्नुहोस्। अनि कोही मानिस पूरै स्वस्थ मानिस नर्कमा गएको पनि सोच्नुहोस्। स्वर्गमा स्वस्थ मानिस रे। के त्यो सम्भव छ त? यो त ठट्यौली पाराको कुरा हो। यस खालको ठट्यौली पाराले कुरा गर्नुको अर्थ येशूले गम्भीर विषयलाई सिकाउन पहेली द्वारा चित्रण गरेको देखाउँछ। पापलाई यस्तरी गम्भीर रूपमा लिनुपर्दछ कि हात, खुट्टा र आँखा गुमाउनु पाप गर्नुभन्दा असल हो।

अनन्तको नरक भन्दा पापका परिणामहरू अनन्तको छ। पापीलाई अनन्तको आगोमा भतभति जलाएर राख्नु परमेश्वरको स्वभाव बिपरित हो। "परमेश्वरले संसारलाई यसरी प्रेम गर्नुभयो कि उहाँले आफ्नो एक मात्र पुत्रलाई दिनुभयो ताकि उहाँलाई विश्वास गर्ने कोही नाश नहोस् तर अनन्त जीवन पाऊन्।" यूहन्ना ३:१६। जो मुक्ति पाउँदैन तिनीहरू सदा सदा जलिरहँदैन बरु सदाको निम्ति नाश हुन्छ। यसलाई कसरी अर्थ लगाएर बुझिन्छ त्यसमा हाम्रो शिक्षालाई फरक पार्दछ।

**उपसंहारः**

**थप जानकारीः द डिजाएर अभ एजेजको पृ. ४२६-४४६को "मिनिस्त्री" र "हु वाज द ग्रेटेस्ट?" अध्यायहरू पढ्नुहोस्।**

"कोही व्यक्ति कदर वा सम्मान चाहन्छ भने पहिले त्यो व्यक्ति नम्र हुनुपर्छ। परमेश्वरको कामको निम्ति उच्च ओहोदामा आसिन हुन परमेश्वरले नै नियुक्त गर्नुहुन्छ। उहाँले बप्तिस्मा दिने यूहन्ना जस्तो सेवकहरूलाई रोज्नुहुन्छ। परमेश्वरको निम्ति उनी तल्लो स्तरमा रहन राजी थिए। बालक जस्तो मिजास भएको चेला परमेश्वरको कामको निम्ति अत्यन्तै कुशल हुन्छ। स्वर्गको ज्ञानबुद्धि ती मानिसहरूलाई दिइन्छ जो अरूको उद्धार गर्ने परिश्रम गर्छन्। तर आफ्नो भाउ खोज्नेलाई परमेश्वरको आत्मज्ञान प्राप्त हुँदैन।" *द डिजाएर अभ एजेज,* पृ. ४३६।

"अरू मानिसहरूलाई भन्दा परमेश्वरले हामीलाई धेरै आशिषहरू दिनुभएको छ। हामीले असल शिक्षा पाएका छौं। हाम्रो जीवन सुधारिएको छ। हाम्रो चरित्र आदर्शमय छ। हामीले इसाई तालिम पाएका छौं। हाम्रो आत्मिक वा आध्यात्मिक अनुभव उच्च कोटीको छ। ती सबैको निम्ति हामीभन्दा कम अवसर पाएकाहरू प्रति ऋणी छौं। हाम्रो स्रोत र शक्तिले भ्याएसम्म तिनीहरूको सेवा हामीले गर्नुपर्छ। यदि हामी बलियो वा स्वस्थ छौं भने कमजोरीहरूलाई सघाउनु पर्दछ। सानाहरूको सेवा गर्दा तिनीहरूका महिमित स्वर्गदूतहरू जहिले पनि परमेश्वर पिताको अनुहार हेरिरहेका हुन्छन्। जो थर थर काम्छन् र चरित्रमा खोटो दागहरू छन्, स्वर्गदूतहरू तिनीहरूमाथि विशेष निगरानी राखेका हुन्छन्। जो अत्यन्तै आवश्यकतामा परिररहेका हुन्छन् स्वर्गदूतहरू तिनीहरूसँग हुन्छन्। जो मानिसहरू जीवनसँग कडा संघर्ष गरिरहेका हुन्छन् वा संग्राम गरिरहेका हुन्छन् र अत्यन्तै नैराश्यमय वातावरणले घेरिरहेका हुन्छन् तिनीहरूको वरिपरि स्वर्गदूतहरूले घेरिरहेका हुन्छन्। यस सेवाकार्यमा ख्रीष्टका सत्य अनुयायीहरूले ती स्वर्गदूतहरूसँग मिलोमत्तो गरेर काम गरिरहेका हुन्छन्।"–*द डिजाएर अभ एजेज,* पृ. ४४०।

**चिन्तनमननः**

अ. मर्कूस ८:२७-२९ फेरि पढ्नुहोस् जसमा लेखिएको छ, "२७ येशू र उहाँका चेलाहरू कैसरिया फिलिप्पीका गाउँहरूमा जानुभयो। बाटोमा जाँदैगर्दा उहाँले आफ्ना चेलाहरूलाई यसो भनेर सोध्नुभयो, "मानिसहरूले के भन्छन्, म को हुँ?" २८ तिनीहरूले उहाँलाई भने, "कसैले भन्छन्, 'बप्तिस्मा-दिने यूहन्ना।' अरूहरूले 'एलिया,' अनि अरू कतिले भन्छन्, 'अगमवक्ताहरूमध्ये एक जना'।" २९ तब उहाँले तिनीहरूलाई सोध्नुभयो, "तर तिमीहरूचाहिँ के भन्छौ, म को हुँ?" पत्रुसले उत्तर दिएर उहाँलाई भने, "तपाईं ख्रीष्ट हुनुहुन्छ।" ख्रीष्टलाई विश्वास गर्नुभएको छ भनेर तपाईंले कतिको बराबर अरूलाई सुनाउनुहुन्छ?

आ. ख्रीष्टसँग रहेर उच्च आत्मिक अनुभव गर्नु पर्ने र सर्वसाधारण मानिसहरूको बिचमा रहेर तिनीहरूको सेवा गर्नुपर्नेको बिचमा कसरी संतुलन राख्ने?

इ. महान हुने, उच्च अधिकारी हुने, मालिक हुने, आफ्नो भाउ खोज्ने र अरूलाई दवाएर आफ्नो प्रतिष्ठा उचाल्ने सांसारिक प्रवृत्तिको बारेमा चिन्तन गर्नुहोस्। संसारले देख्ने महानता र परमेश्वरले देख्नुहुने महानताको बिचमा के भिन्नता छ? संसारले महान् भनेर देख्ने तर परमेश्वरको अगाडि निच हुने मानिसहरू कोही छन् त? त्यसको बिपरित संसारले तुच्छ ठाने पनि वा बेवास्ता गरेतापनि वा हेपेतापनि परमेश्वरको सामु महान भएको कोही व्यक्ति तपाईंलाई थाहा छ? संसारको अगाडि बहादुर, आदर्श वा महान् व्यक्ति भनेर मान्ने सांसारिक धारणा कतिको बंग्याएको वा भ्रष्ट रहेछ भनेर तपाईंले कहिल्यै सोच्नुभएको छ?

ई. पाप गर्नुभन्दा अपाङ्ग हुनु असल भनेर येशूले भन्नुभएको कुरालाई तपाईंले कसरी गम्भिर रूपमा लिनुहुन्छ?

## कथा ७
## खानाको निर्णयले गर्दा घरमा चर्को विवाद हुन्छ। भाग ४

एक साबथमा जब अनुश र आमा चर्चबाट फर्केका थिए तब बाबुले आफ्ना योजना सुनाए, "बाहिर बनभोज गर्ने ठाउँमा जाऔं र त्यहाँ हामीले मासुन पोलेर खाऔं।" इस्राएलीहरूले शुक्रबार नै घाम अस्ताउनुभन्दा अघि (प्रस्थान १६) सबै खानाहरू तयार गरेका थिए भन्ने कथा अनुशलाई याद आयो। त्यसमा पनि साबथमै मासु पोलेर खाने असल हो कि होइन भनेर उनले सोच्न थालिन्। अनि अनुशले अडिग भएर बाबुसँग बोलिन्, "अहँ, बुबा, त्यो त अस योजना जस्तो मलाई लाग्दैन। फेरि म त मासु पनि खाँन्न। म त शाकाहारी बनिसकें।"

ल त हुन्छ भनेर बाबुको योजनालाई रद्द गरियो। तर आफ्नी छोरीले मासु किन नखाएको त्योत उनले बुझ्नै सकेन। भोलिपल्ट आइतबार बाबुले कुखुराको मासु ल्याए अनि अनुशलाई एक टुक्रा दिए। "बुबा, म त मासु खान्न," उनले त्यो खान अस्वीकार गरिन्। बाबुले त्यो थाहा पाएर आफ्नी छोरिसँग रिसाए। मासु नखाने त अचाक्ली नै भएको उनले ठाने।

भोलिपल्ट अनुश र आमालाई घरेलु सङ्गतिमा जान रोके। जब तिनीहरूले आपत्ती जनाए तब रिसले आगो भएर उनले एडभेन्टिस्टको खिलाफमा विरोधका कुराहरू सुनाउन थाले। मलाकी ३:८-१० अनुसार दशांस र भेटी चर्चलाई दिने कुरामा उनी असहमत भए। "दशांस र भेटी बन्दव्यपारको मामिला हो। तिमीहरूले चर्चको व्यापारलाई सहयोग गरिरहेकाछौ। एडभेन्टिस्टहरू विदेशी हुन् र आर्मेनियालाई नाश गर्न आएको हो," भनेर उनले दोष दिए। अनुशको जीवनशैलीप्रति पनि उनले आपत्ती जनाए। "आज तिमीले मासु खान्न भन्छौं, भोलि तिमीले मेरो बाबु पनि छैन भन्न बेर छैन," रिसले आगो भएर बाबु पड्किए।

अनुश चुपचाप बसिन् र मनमनै प्रार्थना गरिन्, "प्रभु, मैले के गर्ने?" प्रत्येक पल्ट बाबुले परमेश्वर वा चर्चको खिलाफमा जब बोल्थे त ब उनले प्रार्थना गर्थिन्। "प्रभु, बुबा त मसँग होइन, तपाईंसँग रिसाउनुभएको हो। तपाईंले नै हस्तक्षेप गर्नुहोस्," उनले परमेश्वरलाई मनमनमै सुनाइन्। उनले रोमी २:४ पद याद गरिन्, "परमेश्वरको भलाइले मानिसलाई पश्चात्तापमा अगुवाइ गर्दछ।" आफ्नो बाबुलाई पनि भलाइ गर्नुपर्छ भनेर

परमेश्वरले भन्नुभएको उनले महसुस गरिन्। उनले प्रार्थना गरिन्, "म त केही गर्न सक्दिनँ तर बुबालाई माया गर्नुबाहेक।"

बुबाको सानो किराना पसल थियो। जब अनुश वा आमाले पसल हेर्थे तब तिनीहरूले रक्सी र चुरोट बेच्दैनथे। अब बुबा झन आगो भएर तिनीहरूसँग कडकिए, "के म खराब छु र तिमीहरू मात्रै असल छु भन्न खोजेको हो कि क्या हो? तिमीहरूभन्दा म असल इसाई हुँ। अबदेखि साबथको आराधना मै चलाउँछु। तिमीहरू चर्चमा जान सक्दैनौ। चर्चको सेवाकार्य मै चलाउनेछु।"

त्यसले तिनीहरूको बिचमा भएको कुराकानी अन्त भयो। अनुश आफ्नो कोठामा गए र आमा पनि उनको पछि लागे। तिनीहरू चकित भएका थिए। "अब के गर्ने?" आमाले सोधिन्।

बाइबलको खिलाफमा नजाउञ्जेल बाबुलाई सहयोग गर्ने भनेर अनुशले निर्णय गरिन्। "उहाँले भन्नुभयो अबदेखि साबथमा घरमै आराधना गर्ने भनेर बुबाले भन्नुभएको छ। हाम्रो बाइबल उहाँले खोस्नुभएको छैन। उहाँले साबथ दिनलाई पनि आदर गर्नुहुन्छ। अब साबथ दिन नआउञ्जेल पर्खौं। यदि बुबाले आफ्नो वचनलाई पालन गर्नुभयो भने हामीले उहाँसँग घरमा साबथ मनाउनेछौं। यदि उहाँले जे भन्नुभएको हो सो बिर्सनुभयो भने हामी प्रार्थना गर्नेछौं र परमेश्वरले नै कस्तो कदम चाल्नुहुनेछ, हामी हेरौं," अनुशले आमालाई सुनाइन्।